# स्थानीय राजपत्र


## परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः १ संख्याः १४ मितिः २०७५/०६/१४

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल


## भाग २

## स्थानीय सरकार

### योजना अनुगमन तथा समन्वय कार्यविधि - २०७५

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित गर्दै स्थानीय तहलाई संविधानको अनुसूचि ८ र ९ वमोजिमका अधिकार सूचीहरुमा कार्य गर्ने अधिकार प्राप्त भएको छ । नगरपालिकाबाट गरिने विकास आयोजनाहरुको प्रभावकारी समन्वय गर्ने र अनुगमनको माध्यमबाट नगरपालिकाको सन्तुलित विकासमा योगदान गर्ने महत्वपूर्ण जिम्मेवारीलई जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित



गर्दै सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार स्थानीय तहको कार्यलाई स्पष्ट पार्दै नगरपालिका भित्रका वडा कार्यालय वीचको विकास निर्माणका विषयमा पहिचान र व्यवस्थापनका लागि समन्वय गर्दै नगरपालिका भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता एवं व्यवस्थापनका लागि चरण चरणमा अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, नगरपालिका भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन,अनुसन्धान तथा अनुगमन गरी विकास निर्माणमा सन्तुलन कायम गर्नका लागि नगरकार्यपालिका मार्फत पहल गरी थप स्पष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्न परशुराम नगरपालिकाको प्रशाशनीक कार्यविधि (नियमित गर्ने) नियमावली २०७५ को नियम ३ बमोजिम परशुराम नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद १–प्रारम्भ खण्ड

**१.कार्यविधिको नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम योजना अनुगमन तथा समन्वय कार्यविधि, २०७५ रहने छ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)“कार्यविधि” भन्नाले परशुराम नगरपालिकाको योजना अनुगमन तथा समन्वय कार्यविधि, २०७५ लाई सम्झनु पर्दछ ।

(ख)“सभा” भन्नाले परशुराम नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले परशुराम नगरपालिकाको योजना अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(घ) "संयोजक" भन्नाले परशुराम नगरपालिकाको योजना अनुगमन समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(च)"सदस्य" भन्नाले परशुराम नगरपालिकाको योजना अनुगमन समितिका सदस्यलाई सम्झनु पर्दछ ।

(छ)"उपसमिति" भन्नाले परशुराम नगरपालिकाको योजना अनुगमन समितले गठन गरेको अनुगमन उपसमितिलाई सम्झनु पर्दछ ।

(ज)"नगरपालिका" भन्नाले परशुराम नगरपालिकालाई सम्झनु पर्दछ ।

(झ)"वडा अध्यक्ष" भन्नाले परशुराम नगरपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ)"योजना/आयोजना" भन्नाले नगरपालिका भित्र सरकारी एवं गैर सरकारी संघ संस्थाद्वारा सञ्चालनमा रहेका योजना तथा आयोजनाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २–अनुगमन खण्ड

### ३.उद्देश्य

(क) नगर भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गैसस तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सो को प्रवन्ध मिलाउने ।

(ख) नगरपालिका भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने ।

(ग) नगरपालिका भित्र सञ्चालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्ने ।





(घ) विकास आयोजनाहरु सञ्चालनमा देखिएका वाधा अड्काउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।

(ङ) नदीजन्य पदार्थ लगायत प्राकृतिक श्रोत साधनको उत्खनन्, कटान, उपयोग र निकासीको अध्ययन, अनुसन्धान र अनुगमन गरी सम्वन्धित निकायमा आवश्यक सुझाव दिने ।

(च) सञ्चालित योजना तथा आयोजनाहरु तोकिएको समयमा सम्पन्न गराउन सहयोग पुर्‍याउने ।

(छ) अनुगमनको क्रममा योजना तथा आयोजनाहरुको सञ्चालनमा ढिलासुस्ती, लापरवाही, चुहावट र स्रोतको दुरुपयोग देखिएमा सो को नियन्त्रणका लागि नगरकार्यपालिका, जिल्ला समन्वय समिति, प्रदेश र संघमा आवश्यकता अनुसार सुझाव दिने र सो को पालना भए नभएको अनुगमन, निरीक्षण (फलोअप) गर्ने ।

(ज) कुनै पनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पार्ने असर र प्रभावको अनुगमन गरी सहजीकरण गर्ने ।

(झ) नगरपालिकाको दिगो विकासमा सहयोग पुर्‍याउने ।

(ञ) नगरपालिका स्थित वडा कार्यालयहरुको क्षमता अभिवृद्धिमा टेवा पुर्‍याउने ।

### ४.अनुगमनको क्षेत्रः

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही योजना अनुगमन समितिले नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका राष्ट्रिय गौरवका योजना, संघीय, प्रदेश, जिल्ला तथा स्थानीय तह, गैसस तथा दातृ संस्थावाट सञ्चालित विकास निर्माण तथा सेवा सम्वन्धी योजना तथा आयोजनाहरुको अनुगमन गर्ने क्रममा आयोजना सञ्चालन गर्ने

निकायको प्रशासनिक, आर्थिक र योजना तथा आयोजनाहरुको सञ्चालन तथा निर्णय प्रक्रिया समेतको विभिन्न चरणमा अनुगमन गर्न सक्नेछ । यसरी अनुगमन गर्दा देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु पर्ने छ ।

१.(क) योजना/आयोजना/कार्यक्रमको छनौट प्रक्रिया (पहिचान, प्राथमिकीकरण, छनौट) ।

(ख) आयोजनाको कूल लागत अनुमान ।

(ग) योजना/आयोजना/कार्यक्रमको समावेशीकरण, सन्तुलन, मूल्यांकन र पृष्ठपोषणको अवस्था ।

(घ) योजना/आयोजना/कार्यक्रमको सञ्चालन र व्यवस्थापन ।

(ङ) आयोजना सञ्चालनको निर्धारित समय तालिका लगायत समग्र कार्ययोजना ।

(च) जनसहाभगिता तथा आपसी समन्वय ।

(छ) योजना/आयोजना सञ्चालनको क्रममा देखा परेका प्रमुख समस्या तथा अप्ठ्याराहरु ।

(ज) योजना/आयोजना कार्यान्वयनका लागि आवश्यक सामग्री, श्रोतसाधन तथा जनशक्तिको पर्याप्तता ।

(झ) योजना/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने सेवा तथा सामग्रीको खरिद प्रक्रिया ।

(ञ) सम्बन्धित प्राविधिकहरुबाट हुनु पर्ने नियमित सुपरीवेक्षणको अवस्था । योजना अनुगमनको पूर्ण जिम्मेवारी सम्बन्धित योजना हेर्ने प्राविधिकको हुनेछ ।

(ट) नगरभित्रका योजना/आयोजना कार्यान्वयनसंग सम्बन्धीत लक्ष्य र प्रगतिको तुलना, कानुन, कार्यविधि र निर्देशिकाको पालना, भौतिक पुर्वाधारको पर्याप्तता र उपयोग, सूचना प्रणाली र अभिलेख व्यवस्था, जनशक्ति व्यवस्थापन, क्षमता उपयोगको स्थिति, अनुगमन र मूल्याङकन प्रणाली, कार्यक्रम कार्यान्वयनको





स्थिति, सेवा प्रवाह स्थिति, कार्यक्रम सञ्चालन र व्यवस्थापन, वित्तीय स्रोत परिचालन, समन्वयको स्थिति जस्ता विषयहरुको अनुगमनको सम्पूर्ण प्रक्रियामा समन्वय गर्ने ।

२.योजना तथा कार्यक्रम र सो संग सम्बन्धति आयोजनाहरूको अनुगमन गर्ने क्रममा आयोजनाको पूर्व तयारी, बजेट ब्यवस्था, कार्यान्वयन कार्ययोजना (सूचकसहति), अनुगमन तथा मूल्याँकनसँग सम्बन्धति प्रणालीको नीतगित तयारीको अनुगमन, आयोजनाका क्रयिाकलापहरुको लगानी अनुगमन (Input Monitoring), प्रक्रयिागत अनुगमन (Process Monitoring), मुख्य मुख्य क्रयिाकलापहरूको (Milestones Monitoring), प्रतफिल अनुगमन (Output Monitoring), उपलब्धी अनुगमन (Outcome Monitoring), प्रभाव अनुगमन (Impact Monitoring), कार्यसम्पादनको बर्गीकरण (Performance Categorization) का ववििधि अनुगमनका वधिहिरूको प्रयोगमा ल्याई अनुगमन गर्न सक्नेछ । सहभागितामूलक पध्दतहिरूमा प्रयोग हुने अनुगमनका वधिहिरूमा अर्धसंगठति अन्तर्वार्ता (Semi-Structured Interview), अवलोकन (Field Observation), लक्षति समूह छलफल (Focus Group Discussion), जोडा स्तरकिरण वा तुलना (Ranking), सामाजकि स्रोत नक्सा (Socio Resource Map), सबल दुर्बल पक्ष वश्लिेषण(SWOT Analysia), सार्वजनकि परीक्षण (Public Audit), सार्वजनकि सुनुवाई(Public Hearing) जस्ता अनुगमनका औजारहरूको प्रयोग गर्न सकनिेछ ।

३. परशुराम नगरपालिकास्तरीय योजना अनुगमन समितिबाट नगरपालिकामा कार्यरत सरकारी तथा गैंरसरकारी (राष्ट्रिय तथा अन्तराष्ट्रिय) संघ संस्थाहरुको हुने अनुगमन तथा समन्वयको कार्यमा सम्वन्धित संघ संस्थाहरुको देहाय बमोजिम जिम्मेवारी एवं दायित्व हुनेछ ।

क) नगरपालिकामा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले आफ्नो बजेट तथा कार्यक्रमका विषयमा जानकारी गराउनु पर्नेछ ।

ख) योजना अनुगमन समितिलाई नगरपालिकामा कार्यरत सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको अनुगमन गर्ने कार्यक्रममा सहयोग तथा सहजीकरण गर्नुपर्ने दायित्व रहनेछ ।

(ग) संस्थाहरुको अनुगमन गर्दा संस्थाको लक्ष्य र प्रगतिको तुलना, कानुन, कार्यविधि र निर्देशिकाको पालना, भौतिक पर्वाधारको पर्याप्तता र उपयोग, सूचना प्रणाली र अभिलेख व्यवस्था, जनशक्ति व्यवस्थापन, क्षमता उपयोगको स्थिति, अनुगमन र मूल्याङकन प्रणाली, कार्यक्रम कार्यान्वयनको स्थिति, सेवा प्रवाह स्थिति, कार्यक्रम सञ्चालन र व्यवस्थापन, वित्तीय स्रोत परिचालन, समन्वयको स्थिति जस्ता विषयहरुको अनुगमनको सम्पूर्ण प्रक्रियामा प्राविधिक रुपमा सहजिकरण गर्नु र आवश्यकता अनुसार श्रोत साधानको व्यवस्थापन गर्नु सम्वन्धित संस्थाहरुको जिम्मेवारी हुनेछ ।

(घ) योजना अनुगमन समितिको अनुगमनमा आवश्यक विषयगत विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ र सोको लागि योजना अनुगमन समितिबाट औपचारिक माग हुन आएमा सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

**५.उपसमिति गठन र वैठक सम्वन्धी व्यवस्थाः**

(१) नगरपालिका भित्र सरकारी एवं गैर सरकारी संघ संस्थाद्वारा सञ्चालनमा रहेका योजना तथा आयोजनाहरुको अनुगमन नगरस्तरीय योजना अनुगमन समिति आफैले पनि गर्न सक्ने छ । साथै आवश्यकता अनुसार अनुगमनका लागि विषयगत अनुगमन उपसमितिहरु गठन गर्न सक्ने छ ।

(२) उपसमितिको संयोजक सहित आवश्यक पदाधिकारीहरुको संख्या समितिले तोक्ने छ ।

(३) उपसमितिको कार्यवोझलाई दृष्टिगत गरी समितिले आवश्यक सहयोगी कर्मचारीहरु उपलव्ध गराउने छ ।

(४) उपसमितिको वैठक आवश्यक्ता अनुसार वस्ने छ, तर आवश्यक परेमा संयोजकले जुनसुकै समयमा पनि वैठक बोलाउन सक्नेछ ।

(५) उपसमितिलाई आवश्यक पर्ने श्रोत, साधन र वजेट नगरपालिकाले व्यवस्था गर्नुपर्ने छ ।

(६) उपसमितिले आफुले गरेको अनुगमनको प्रतिवेदन अनिवार्य रुपमा योजना अनुगमन समितिमा पेश गर्नु पर्ने छ ।

**६. अनुगमनको समीक्षा, सुझाव, निर्देशन र प्रतिवेदन सम्वन्धी व्यवस्थाः**

(१) योजना अनुगमन समिति आफैले गरेको अनुगमन वा उपसमितिद्वारा पेश भएको अनुगमन प्रतिवेदनको नतिजा उपर मासिक रुपमा छलफल एवं समीक्षा गरी यसै कार्यविधिको भाग ४ को वुँदा नं क देखि ट सम्मका विषयको गाम्भीर्यताका आधारमा सम्वन्धित निकायमा सुधारका लागि सुझाव वा निर्देशन दिन सक्ने छ । तर यस प्रकारको समीक्षा वैठक आवश्यकता अनुसार बस्न कार्यविधिले वाधा पुऱ्याएको मानिने छैन ।

(२)दफा ६ को उपदफा १ अनुसार दिइएको सुझाव वा निर्देशन योजना तथा आयोजना सञ्चालन गर्ने निकायले कार्यान्वयन नगरी ढिलासुस्ती गरेमा योजना अनुगमन समितिले काम रोक्का गर्न वा कारवाही गर्न सम्वन्धित निकायमा सिफारिश गर्ने छ ।

(३) योजना अनुगमन समितिले आफैले गरेको अनुगमन वा उपसमितिद्वारा पेश अनुगमन प्रतिवेदनको समीक्षा वैठकमा आवश्यकता अनुसार आयोजना सञ्चालन गर्ने निकायलाई पनि आमन्त्रण गर्न सक्ने छ ।

(४) योजना अनुगमन समितिले अनुगमन पश्चात दिएको निर्देशनको पालना गर्नु सम्वद्ध पक्षको कर्तव्य हुने छ ।

(५) योजना अनुगमन समितिले अनुगमनको लागि विषयगत विज्ञ सेवा परामर्शको रुपमा लिन सक्नेछ र सो वापतको सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।





(६) योजना अनुगमन समितिले अनुगमनवाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदनलाई नगरसभामा प्रस्तुत गर्नुपर्नेछ ।

(७) योजना अनुगमन समितिले अनुगमनवाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदनलाई सार्वजनिक गर्नेछ ।

**७. अनुगमनमा सम्वन्धित वडाका पदाधिकारीहरुलाई सहभागी गराउन सकिनेः**

समिति वा उपसमितिले अनुगमनको क्रममा आयोजना सञ्चालन गर्ने निकाय रहेको वडा कार्यालयका वडा अध्यक्ष, सम्बन्धित उपभोक्ता समिति वा कार्यक्रमका अध्यक्ष, उपाध्यक्ष, सचिव सो उपभोक्ता समितिले गठन गरेको अनुगमन समितिका संयोजक वा पदाधिकारीलाई अनिवार्य रुपले सहभागी गराउनु पर्ने र आवस्यकता अनुसार गै.स.स. संघसंस्थाका प्रतिनिधि, सम्वन्धित विषय विशेषज्ञ र प्रविधिकहरुलाई समेत सहभागी गराउन सकिनेछ । अनुगमन समितिले योजना तथा कार्यक्रम संचालन रहेको टोलमा सो योजना सम्बन्धि छलफल गर्नुपर्नेछ ।

**८. अनुगमनमा संलग्न पदाधिकारीहरुको सुविधा सम्वन्धी व्यवस्थाः**

(१) अनुगमनको सिलसिलामा आयोजना तथा योजना निरीक्षणको लागि योजना स्थलमा जाँदा पदाधिकारीहरुले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्ने छ, तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा अवश्यक पर्ने सवारी साधनको प्रवन्ध कार्यालयले मिलाउनु पर्ने छ ।

(२) अनुगमनमा जाँदा अनुगमनका पदाधिकारीहरु एवं आमन्त्रित कर्मचारी वा विशेषज्ञले नगरकार्यपालिकाले तोके अनुसारको अनुगमन भत्ता पाउने छन् । अन्य लजिष्टिकको हकमा कार्यालयले आवश्यकता अनुसार व्यवस्था मिलाउने छ ।

(३) उपसमितिको वैठकमा भाग लिए वापत उप समितिका सवै पदाधिकारीहरु तथा अन्य आमन्त्रित कर्मचारी, प्राविधिक र

विशेषज्ञहरुले समेतलाई योजना अनुगमन समितिका पदाधिकारीहरु सरह वैठक भत्ता पाउने छन् ।

## परिच्छेद ३–समन्वय खण्ड

९. उद्देश्य:

(क) नगरपालिकामा रहने संघीय र प्रदेश सरकारी कार्यालय , वडा कार्यालय र गैर सरकारी संस्थाहरु विच समन्वय गर्ने ।

(ख) नगरपालिका भित्र विकास निर्माणका विषय पहिचान एवं व्यवस्थापन गर्ने ।

(ग) नगरपालिका भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन एवं अनुसन्धान गर्ने ।

(घ) नगरपालिका भित्र सञ्चालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्ने

(ङ) विकास आयोजनाहरु सञ्चालनमा देखिएका वाधा अड्काउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।

(च) नदीजन्य पदार्थ लगायत प्राकृतिक श्रोत साधनको उत्खनन्, कटान, उपयोग र निकासीको अध्ययन, अनुसन्धान र समन्वय गरी सम्वन्धित निकायमा आवश्यक सुझाव दिने ।

(छ) नगरपालिका भित्र वडा कार्यालयहरु विच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने ।

(ज) कुनै पनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पार्ने असर र प्रभावको विषयमा समन्वय गरी सहजीकरण गर्ने ।

(ट) नगरपालिकाको दिगो विकासमा सहयोग पुऱ्याउने ।

**१०. समन्वयको क्षेत्र:**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही नगरपालिकाले नगरपालिकाको दिगो, सन्तुलित एवं व्यवस्थित विकासका लागि नगरपालिका भित्र सञ्चालन हुने, सञ्चालनमा रहेका विभिन्न राष्ट्रिय गौरवका योजना तथा विकास निर्माण तथा सेवा सम्वन्धी योजना तथा





आयोजनाहरुको पहिचान/अनुगमन गर्ने क्रममा आयोजना सञ्चालन गर्ने निकायसंग आवश्यक समन्वय गर्न सक्नेछ । यसरी समन्वय गर्दा विशेष गरी निम्न कुरामा विशेष ध्यान पुऱ्याउनु पर्ने छ ।

(क) नीतिगत समन्वय ।

(ख) विकास निर्माणसंग सम्वन्धित योजना/आयोजना वीचको सन्तुलन ।

(ग) संघ,प्रदेश र स्थानीय तहवीचको अन्तरसम्वन्ध ।

(घ) आयोजना छनौट एवं सञ्चालनमा दोहोरोपन ।

(ङ) सबै जात जाति वर्ग, क्षेत्र, लिङ्गको आधारमा विकास निर्माणका योजनाहरुको समावेशिता ।

(च) नियमित अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षणको अवस्था ।

(छ) ऐन नियम अनुसार योजना आयोजना छनौट प्रक्रिया ।

(ज) दिगो विकाससंग सम्वन्धित विकास योजना तथा आयोजनाहरुको गुणस्तरियता ।

(झ) योजना तथा आयोजनाहरुको हस्तान्तरण पश्चातको मर्मत सम्भारको अवस्था ।

(ञ नगरपालिकाभित्रका वडा कार्यालयहरुको व्यवस्थापकीय, समुदाय परिचालन तथा प्राविधिक निपुर्णता लगायतका विषयमा जनशक्ति व्यवस्थापन एवं क्षमता विकासको अवस्था ।

(ट) स्थानीय, जिल्ला, अन्तर जिल्लास्तरीय, राष्ट्रिय, प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरुको सञ्चालनका लागि आवश्यक निर्माण सामग्रीको उपलव्धता ।

(ठ) आयोजना सञ्चालनको क्रममा देखा परेका प्रमुख समस्या अप्ठ्यारा एवं विवादहरु ।

(ड) जनचासोका विषयहरु ।

(ढ) नगरस्तरीय अभियानका विषयहरु ।

**११.समन्वय प्रक्रियाः**

राष्ट्रियस्तरका विकासका प्राथमिकताहरू, स्थानीय आवश्यकता, नगरपालिका भित्रका सम्भावना र चुनौतीहरूलाई मध्यनजर नगरपालिकाभित्रका संघ तथा प्रदेशस्तरका कार्यालयहरू एवं नगरपालिकामा क्रियाशील नागरिक समाज (गैसस) समेतको सहभागितामा नगरपालिकाको दिगो विकासका लागि, गैसस, नीजि क्षेत्र, उद्योग वाणिज्य संघ लगायत सार्वजनिक तथा सरकारी क्षेत्रका गतिविधिलाई समन्वयात्मक रुपमा संचालन गर्न, विकास निर्माण तथा स्थानीय स्तरमा सेवा प्रवाहसँग सम्बन्धित विषयमा पर्न आएका गुनासाहरू समाधान गर्नुका साथै नगरपालिकाको सम्वृद्धि, समग्र एवं सन्तुलित विकासका लागि नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार समन्वयका लागि देहायका प्रक्रियाहरु अवलम्वन गरिने छ।

१.(क) नगरपालिकामा रहने संघ तथा प्रदेशस्तरका कार्यालयहरू एवं नगरपालिकामा क्रियाशील नागरिक समाज, (गैसस) समेतको सहभागितामा नगरपालिकाको दिगो विकासका लागि साझा अवधारणा तय गर्ने।

(ख) नगरपालिका भित्रका वडाहरु विचको विकास निर्माणका क्षेत्र पहिचान गर्ने।

(ग) वडा कार्यालयहरुको योजना छनौट प्रक्रियामा आवश्यक सहयोग र सहजीकरण गर्ने।

(घ) विकास निर्माण एवं सेवा प्रवाहको सन्दर्भमा स्थानीय वडाहरुवीच देखिएका विवादहरु संवन्धित पक्षहरुको उपस्थितिमा समाधानका लागि पहल गर्ने।

(ङ) नगरपालिकाभित्र सरकारी तथा गैंरसरकारी क्षेत्रबाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमहरुको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा





क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने।

(च) नगरपालिकामा क्रियाशील नागरिक समाज (गैसस) र वडाहरु संगको समन्वयका लागि प्रेरित गर्ने।

(छ) सघन अनुगमनको माध्यमबाट नगरपालिकाभित्र सञ्चालित योजना तथा आयोजनाहरुको समस्याहरुको पहिचान गरी सम्वन्धित पक्षलाई सुधारका लागि सुझाव सहित सचेत गराउने र सचेत गराउँदा समेत वेवास्ता गरेमा प्रदेश वा संघमा लेखि पठाउने।

(ज) प्राकृतिक श्रोत साधन तथा वातावरण संरक्षणका लागि प्रदेश सरकार संगको समन्वयमा आवश्यक स्थानीय नीति एवं कार्ययोजना तय गरी कार्यान्वयनका लागि आवस्यक पहल गर्ने।

(झ) सेवा प्रवाहको आधारमा प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने वडा कार्यालयलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने।

(ञ) नगरपालिकालाई आवश्यक पर्ने मानव संसाधन एवं प्रविधि हस्तान्तरण्का लागि अन्तर वडा कार्यालयहरु विच वैठक, छलफल, गोष्ठी र अन्तरक्रियाको व्यवस्था मिलाउने।

(ट) वडा कार्यालयहरुद्वारा सम्पादित अनुकरणीय कार्यहरु सम्भावनाहरुको पहिचान गरी प्रकाशन एवं प्रशारणको माध्यमबाट जनसमक्ष प्रवाह गर्ने।

(ठ) प्रत्येक चारचार महिनामा वडा अध्यक्षहरु र वडा सचिवहरु वीच समन्वयात्मक वैठकको आयोजना गरी अनुभव आदानप्रदान, समस्याको समाधान तथा दीगो विकासका विषयमा छलफल गर्ने व्यवस्था मिलाउने।

(ड) प्रत्येक चौमासिकमा वडा कार्यालयहरुले भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन योजना अनुगमन समितिमा पठाउने व्यवस्था मिलाउने।

(ढ) कम्तिमा वर्षको २ पटक नगरस्तरीय योजना समीक्षा गोष्ठीको आयोजना गर्ने ।

**१२.उपसमिति गठन र वैठक सम्वन्धी व्यवस्थाः**

(क) नगरपालिकाको समग्र विकासको सन्दर्भमा नगरपालिका भित्रका वडा कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु वीच समन्वय गर्ने कार्य योजना अनुगमन समिति आफैले गर्नेछ । साथै आवश्यकता अनुसार समन्वयका लागि समन्वय उपसमिति पनि गठन गर्न सक्ने छ ।

(ख) **वडास्तरमा** योजना अनुगमन गर्न एक वडास्तरीय योजना उपसमिति हुनेछ । उपसमितिको संयोजक सहित आवश्यक पदाधिकारीहरुको मनोनयन र संख्या वडा समितिले तोके बमोजिम हुनेछ । (ग) उपसमितिको कार्यवोझलाई दृष्टिगत गरी वडा समितिले आवश्यक सहयोगी कर्मचारीहरु उपलव्ध गराउने छ ।

(घ उपसमितिको वैठक आवश्यक्ता अनुसार वस्ने छ, तर आवश्यक परेमा संयोजकले जुनसुकै समयमा पनि वैठक बोलाउन सक्नेछ ।

(ङ) उपसमितिलाई आवश्यक पर्ने श्रोत, साधन र वजेट वडा समितिले व्यवस्था गर्नु पर्ने छ ।

(च) उपसमितिले आफुले गरेको समन्वय सम्वन्धी कार्यको प्रतिवेदन वडा समितिमा पेश गर्नु पर्ने छ ।

(छ) योजना अनुगमन समितिले योजना अनुगमन गर्दा सम्बन्धित वडा अध्यक्षले अनिवार्य रुपमा सहभागी हुनुपर्ने छ ।

**१३.पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धी व्यवस्थाः**

(क) समन्वयको सिलसिलामा फिल्डमा खटिइ जाने पदाधिकारीहरु, विशेषज्ञ एवं कर्मचारीहरुले नगरकार्यपालिकाले तोके अनुसारको सेवासुविधा पाउने छन् । अन्य लजिष्टिकको हकमा कार्यालयले आवश्यकता अनुसार व्यवस्था मिलाउने छ ।

(ख) उपसमितिको वैठकमा भाग लिए वापत उप समितिका सवै पदाधिकारीहरु तथा अन्य आमन्त्रित कर्मचारी, प्राविधिक र विशेषज्ञहरु समेतले वडा समितिले तोके अनुसारको वैठक भत्ता पाउनेछन् ।

## परिच्छेद ४–विविध खण्ड

**१४.बाधा अड्काउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धी व्यवस्थाः**

(क) यस कार्याविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ख) कार्यविधिलाई आवश्यकता अनुसार नगरकार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(ग) नगरपालिकास्तीय योजना अनुगमन समिति नगर उप प्रमुख को संयोजकत्वमा नगरकार्यपालिका तोके अनुसार हुनेछ । कुनै पनि नगरकार्यपालिका सदस्य लगातार दुई आ. व. मा समितिको सदस्य हुन पाउने छैन ।

## अनुसूची-१

**परशुराम नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**जोगबुडा, डडेल्धुरा**

**आयोजनाहरुको अनुगमन प्रतिवेदन**

अनुगमन मिति :-

**योजना /आयोजनाको संक्षिप्त विवरण :**

(१) योजना /आयोजना सञ्चालन गर्ने निकाय :

(क) योजना /आयोजनाको नाम :

(ख) संचालित स्थान :..................................................

वडा नं......... टोल................................................

(ग) कूल लागत रु. .................

(२) स्वीकृत श्रोतहरु

(क) नगरपालिकावाट रु

(ख) उपभोक्ता बाट रु. ..................

(ग) नेपाल सरकार बाट रु. .................

(घ) अन्य.....................बाट रु. .................

(ङ) योजना /आयोजना सम्झौता मिति :-

(च) योजना /आयोजना सम्पन्न गर्नुपर्ने मिति :-

(छ) म्याद थप भएको भए थप म्याद :-

(ज) उपभोक्ता समितिको अध्यक्षको नाम, ठेगाना /वा ठेकेदारको नाम, ठेगानाः-

(झ) पेश्की/भुक्तानी भएको रकम प्रथम किस्ता रु.  दोश्रो किस्ता रु.  तेश्रो किस्ता रु.  जम्मा

**(३) संचालित योजना /आयोजनाको ब्यवस्था**

(क) प्राविधिक मूल्यांकन भईसकेको भए सोको प्रगति प्रतिशत

(ख)उपभोक्ता समितिको सक्रियता भएको /नभएको............

(ग) भौतिक रुपमा हेर्दा देखिने अवस्था ...................

(घ)कार्यतालिका अनुसार कार्य भए/नभएको................

(ङ)निर्माण सामाग्रीहरुको निर्माण स्थलमा देखिएको भए सोको विवरण........

| क.सं. | सामाग्रीको नाम | अनुमानित परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |
| ङ | | | |

**(४). योजना/आयोजना कार्यान्वयनमा देखा परेका समस्याहरु :**

उपभोक्ता समितिको भनाई

(क)

(ख)

(ग)



(घ)

(ङ)

अनुगमनकर्ताको दृष्टिकोणमा देखा परेका समस्याहरु :

(क)

(ख)

(ग)

(घ)

**५. उपभोक्ता समितिका अध्यक्ष उपाध्यक्ष/बडाध्यक्षको दृष्टिकोण**

(क)

(ख)

(ग)

(घ)

**६. योजना /आयोजन सम्पन्न गराउनका लागि सुझावहरु ( अनुगमनकर्ताको दृष्टिकोण)**

(क)

(ख)

(ग)

**७. अनुगमनको क्रममा सम्पर्क गरिएका स्थानीय ब्यक्तिहरु**

| क्र.सं. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**८. अन्य रकम पेश्की लगेर हाल सम्म कार्य प्रारम्भ नै गरेको छैन भने,**

(क) रकम पेश्की लग्ने व्यक्तिसंग सम्पर्क भयो, भएन,  यदि भएको भए निजको भनाई के छ ?

..........................................................................................

(ख) निजको कावु बाहिरको परिस्थितिले कार्यप्रारम्भ गर्न नपाएको हो वा लापरवाही गरी रकम हिनामिना गर्ने सोचाइ राखेको हो अनुगमन कर्ताको राय ?

..........................................................................................

(ग) निज सम्पर्क नै हुन सकेन भने निज कहां छन निजको परिवारका नाता पर्ने सदस्यको भनाई ?................................

..........................................................................................

९. अनुगमनकर्ताद्वारा अनुगमनको समयमा योजना कार्यान्वयनको सिलसिलामा ठेकेदार/उपभोक्ता समिति र सरोकारवालालाई दिइएको निर्देशन

..........................................................................................

..........................................................................................

१०. योजना /आयोजनाको गुणस्तर

........................................................... ...................

..........................................................................................

११. योजना /आयोजनाको कार्यान्वयनमा पारदर्शिताका लागि अपनाइएका विधिहरु:

क) होर्डिङ वोर्ड सार्वजनिक स्थलमा राखे नराखेको.......

ख) सार्वजविक सुनवाई गरे नगरेको ....

ग) सामाजिक परिक्षण भए नभएको ....

घ) स्थानीय अनुगमन समिति गठन गरे नगरेको .....

ङ) वडास्तरीय योजना अनुगमन उपसमितिवाट नियमित रुपमा अनुगमन भए नभएको .......

**अनुगमन कर्ताको नाम थर:**

**अन्य अनुगमन कर्ताहरु:**

(क) पद:

१.

(ख) दस्तखत:

२.

(ग) मिति:

३.





अनुसूची-२
परशुराम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा

योजना/आयोजना निरिक्षण पश्चात भर्नुपर्ने फारमको नमूना
आव..................... अवधि:...........................
........... देखि ................. सम्म वडा नं.............

| क्र सं . | आयोजनाको नाम | योजना रहेको ठेगाना ,गर्ने मुख्य निकाय वा ब्यक्ति | यस अवधि को लक्ष्य | यस अवधिको प्रगति | प्रगति प्रतिशत | लक्ष्य अनुसार प्रगति हुन नसक्नाको कारण वा बढी प्र.हुनका कारण | कम प्रगति भएकोमा अर्को अवधिमा पुरा गर्न लिने रणनीति | समस्या समाधानका लागि गरिएका प्रयासहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-३
परशुराम नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा

## समन्वय सम्वन्धी अभिलेख फाराम

| क.स. | मिति | समन्वय सम्वन्धी कार्यको विवरण | सम्वद्ध निकाय | | | सम्वन्धित पक्ष |
|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय तह | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणिकरण मिति : २०७५/६/१२

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत